# नेपालीमा मिलित क्रिया

*देवीप्रसाद गौतम*

**संयुक्त क्रिया र मिलित क्रिया**

नाम, विशेषण, क्रियाविशेषणजस्ता शब्दवर्गसित संयुक्त भई आउने एक प्रकारका क्रियाहरू हुन्छन् भने क्रियासित मेल भई आउने अर्को प्रकारका क्रिया पनि हुन्छन् । नाम, विशेषण, क्रियाविशेषणजस्ता अन्य शब्दवर्गसित संयुक्त भई आउने क्रियालाई अंग्रेजीमा कन्जङ्क्ट भव (Conjunct Verb) र अन्य क्रियासित मेल भई आउने क्रियालाई कम्पाउन्ड भर्व (Compound Verb) भन्ने गरिन्छ । नेपालीमा भने यी दुई प्रकारका क्रियाहरूलाई अंग्रेजीमा झैं भिन्न रूपमा नलिई समष्टिगत रूपमा संयुक्त क्रिया भन्ने गरिएको पाइन्छ (पण्डित : २०४२, भट्टराई : २०३३, शर्मा : २०३३, अधिकारी : २०४९) भने अन्य शब्दवर्गसित आउनेलाई संयुक्त क्रिया (Conjunct Verb) र क्रिया वर्गसित आउने क्रियालाई मिलित क्रिया (Compound Verb) पनि भन्ने गरिएको छ (सिग्द्याल : २०४०) । दुवै प्रकारका क्रियालाई संयुक्त क्रिया मान्ने व्याकरणकारहरूले कन्जङ्क्ट भर्वका रूपमा रहने क्रियालाई क्रियाभिन्न संयुक्त क्रिया र कम्पाउन्ड भर्वका रूपमा आउने क्रियालाई क्रियायुक्त संयुक्त क्रिया भन्ने नाम दिइएको पनि पाइन्छ (पण्डित : २०४२, भट्टराई : २०३३ ) । यस लेखमा अंग्रेजीमा कन्जङ्क्ट भर्वलाई कम्पाउन्ड भर्वभन्दा भिन्न मानी पृथक् नाम दिइएअनुसार सिग्द्याल (२०४०) मा झैं एकै मुख्य क्रियाका रूपमा आउन सक्ने कुनै दुई वा दुईभन्दा बढी क्रियाहरू मिलेर बन्ने क्रियालाई मिलित क्रियाका रूपमा लिइएको छ ।

मिलित क्रियाका घटकका रूपमा आउने क्रियाहरूको आआफ्नो क्रियात्मक अर्थ हुन्छ र यिनीहरू मुख्य क्रियाका रूपमा रहन सक्ने भएकाले एक्लै आएर पनि सार्थक वाक्यको निर्माण गर्न सक्छन् । सबै मुख्य क्रियाहरू अर्को मुख्य क्रियासित आश्रित भएर आउन सक्दैनन्, केही मुख्य क्रियाहरू मात्र अर्को मुख्य क्रियासित आश्रित भएर आउन सक्छन् । अर्को मुख्य क्रियासित गाँसिएर, जोडिएर वा मिलेर आउने हुँदा नै यस्ता क्रियालाई मिलित क्रिया भनिएको हो । मिलित क्रियामा अन्यत्र मुख्य क्रियाका रूपमा आउने दुई वा दुईभन्दा बढी मुख्य क्रियाहरूको मेल हुन्छ । यसको बनोट मुख्य क्रिया$_१$ + मुख्य क्रिया$_२$ = मिलित क्रियाका रूपमा रहेको हुन्छ ।

मिलित क्रियाको घटकका रूपमा रहने क्रियालाई भाषाशास्त्रीहरूले विभिन्न नाम दिएको पाइन्छ । यसमा पहिलो घटकका रूपमा आउने क्रिया वा क्रिया$_१$लाई मेन भर्व, प्रिन्सिपल भर्व वा पोल (दास गुप्ता : सन् १९७७) नाम दिइएको छ । यसै गरी दोस्रो वा त्यसपछिको घटकका रूपमा आउने क्रिया वा क्रिया$_२$लाई एक्सप्लिकेटर (गोपालकृष्ण : सन् १९९२), मोडिफाइड भर्बल एक्सप्रेसन (पोरिज्का : १९६७), सिरियल भर्व (काचरु : १९७८), कम्पाउन्ड भर्व (हुक : सन् १९७४) र अग्जुलरी भर्व (अक्माजिन, स्टिल र वासो : सन् १९७९, सुसन स्टिल, सम्पा. : सन् १९८१ ) आदि नाम दिइएको पाइन्छ । नेपाली व्याकरण परम्परामा पहिलो घटकका रूपमा आउने क्रियालाई मुख्य क्रिया, दोस्रो वा त्यसपछिका क्रियाका रूपमा आउने क्रियालाई सहायक क्रिया (पण्डित : २०४२, सिग्द्याल : २०४०, भट्टराई : २०३३) वा पहिलो घटकका रूपमा आउने क्रियालाई क्रिया$_१$ र दोस्रो वा त्यसपछि आउने क्रियालाई क्रिया$_२$ वा अग्जुलरी भर्व भन्ने गरिएको पाइन्छ (शर्मा : सन् १९८०) । यस प्रकारका क्रियालाई हिन्दीमा रञ्जक क्रिया पनि भन्ने गरिएको पाइन्छ (गुरु : २०४९) ।

मिलित क्रियाको पहिलो घटकका रूपमा आउने मुख्य क्रिया अर्थात् क्रिया$_१$ आधार क्रियाका रूपमा रहन्छ र त्यही आधार क्रियामा अर्को मुख्य क्रिया अर्थात् क्रिया$_२$ आश्रित भएर रहेको हुन्छ । यस आधारमा मिलित क्रियाका घटकहरूका रूपमा रहेका क्रियाहरूका बीचमा आधारआधेय सम्बन्ध रहेको हुन्छ । यस प्रकारका कतिपय क्रियाहरूले काल, पक्ष, आदर आदिलाई बुझाउने, कतिपय क्रियाहरूले क्रियाको कोशीय अर्थमा प्रकाश पार्ने हुँदा गौतम (२०५३) मा काल, पक्ष, आदर आदिलाई

बुझाउने क्रियाहरूलाई सहायक क्रिया, मिलित क्रियाअन्तर्गत आधार क्रियामा आश्रित भई क्रियाको कोशीय अर्थमा विशिष्टता थप्ने क्रिया₂लाई आधृत क्रिया र त्यस्ता आधृत क्रियालाई आश्रय वा आधार प्रदान गर्ने क्रिया₁लाई आधार क्रियाको नामकरण गरिएको देखिन्छ ।

**मिलित क्रियाको घटकका रूपमा आउने नेपालीका आधृत क्रियाहरू**

आधृत क्रियाको प्रयोग भारोपेली, द्रविडेली र मुन्डा परिवारका भाषामा प्रशस्त पाइन्छ र यो दक्षिण एशियाका भाषाहरूको उल्लेखनीय विशेषता हो (मसिका : १९७६, काचरु : १९७८, पन्धरिपान्डे : १९८१, हुक : १९७४) । संस्कृतमा मूल धातुमा इच्छा, पौनपुन्य आदि अर्थविशिष्टताका निम्ति छुट्टै क्रियाको प्रयोग नगरी प्रत्ययको योग गर्ने गरिन्छ (सनन्त, यङन्त, यङ्लुगन्त व्यवस्था) । नेपालीमा भने एक क्रियासित अर्को क्रियाको मेल गराई प्रयोग गरिन्छ । नेपालीमा यसको अध्ययन विभिन्न ढंगमा गरिएको छ । पण्डित (२०४२ : २८२-३११) मा राख्, रह, सक्, छोड्, छाड्, बक्स, आँट्, आउ, जा, पठाउ, पाउ, पर्, सिध्याउ, दि, हिँड्, लाउ, चाह, गर्, खोज्, हु, हेर्, हाल्, थाल् आदि बाईसवटा आधृत क्रिया (क्रियासंयुक्त क्रिया) को चर्चा गरिएको छ । यसमा कतिपय आधृत क्रियाको कोशीय अर्थमाथि पनि प्रकाश पारिएको छ र 'पर्' लाई परतन्त्रताबोधक, 'गर्', 'आउ' तथा 'जा' लाई सातत्यबोधक, 'रह' लाई नित्यताबोधक, 'बक्स' लाई अतिमानबोधक, 'पाउ'लाई अवकाशबोधक, 'हेर्' लाई विचारबोधक, 'राख्'लाई स्थितिबोधक, 'दि'लाई परार्थता तथा अनुमतिबोधक सहायक क्रियाका रूपमा लिइएको पाइन्छ । यसमा नेपालीका आधृत क्रियाहरूको आर्थी भूमिका अवस्थाभेदबोधक, समाप्तिबोधक, निश्चयबोधक, परीक्षाबोधक, स्थितिबोधक आदि हुने कुरो औंल्याइएको छ । 'नु' जोडिएका आधृत क्रियाहरूलाई नामसंयुक्त क्रिया, ने, तो, दो जोडिएका आधृत क्रियाहरूलाई विशेषणसंयुक्त क्रिया र 'ई, न' जोडिएका आधृत क्रियाहरूलाई अव्ययसंयुक्त क्रियाका रूपमा पण्डित (२०४२ : २८-३११) मा प्रस्तुत गरिएको छ । भट्टराई (२०३३ : २७०-२९३) मा आधृत क्रिया 'ल्याउ' थपिएको छ र 'हु' लाई मानबोधक तथा अवस्थाभेदबोधक, 'सक्' र 'सिध्याउ' लाई समाप्तिबोधक, 'हाल्', 'छाड्' र 'छोड्' लाई निश्चय तथा शीघ्रताबोधक, 'दि' लाई अनादरबोधक र 'हेर्' लाई अनुभवबोधक क्रियाका रूपमा प्रस्तुत गरिएको छ । शर्मा (१९८०) मा सक्, दि, माग्, छाड्, हाल्, रह, राख्, आउ, हेर्, टोपल्, बक्स, गर्, लाग्, थाल्, पाउ, खोज्, लगाउ, पर्, छ तथा हु गरी बीसवटा आधृत क्रियाहरूको उल्लेख छ । गौतम (२०५३) मा छ तथा हु बाहेकका अठारवटा र थप एक क्रिया आँट् गरी जम्मा उन्नाईसवटा आधृत क्रियाहरूको उल्लेख गरिएको छ ।

नेपालीका आधृत क्रियाहरू मुख्य क्रियाका रूपमा एक्लै पनि आउन सक्छन् । मुख्य क्रियालाई चिनाउने दा, एर, नु, ई, एको, दै आदि कृदन्तीय संरचनासित यस प्रकारका क्रियाहरू आउन सक्ने कुरा तालिका नं. १. ले देखाएको छ :

| सि. नं. | मु.क्रि | दा | एर | ई | नु | एको | दै | दो |
|---|---|---|---|---|---|---|---|---|
| १. | सक् | सक्दा | सकेर | सकी | सक्नु | सकेको | सक्दै | सक्दो |
| २. | जा | जाँदा | गएर | गई | जानु | गएको | जाँदै | जाँदो |
| ३. | हाल् | हाल्दा | हालेर | हाली | हाल्नु | हालेको | हाल्दै | हाल्दो |
| ४. | टोपल् | टोपल्दा | टोपलेर | टोपली | टोपल्नु | टोपलेको | टोपल्दै | टोपल्दो |
| ५. | दि | दिँदा | दिएर | दिई | दिनु | दिएको | दिँदै | दिँदो |
| ६. | राख् | राख्दा | राखेर | राखी | राख्नु | राखेको | राख्दै | राख्दो |
| ७. | आउ | आउँदा | आएर | आई | आउनु | आएको | आउँदै | आउँदो |
| ८. | छाड् | छाड्दा | छाडेर | छाडी | छाड्नु | छाडेको | छाड्दै | छाड्दो |
| ९. | हेर् | हेर्दा | हेरेर | हेरी | हेर्नु | हेरेको | हेर्दै | हेर्दो |
| १०. | माग् | माग्दा | मागेर | मागी | माग्नु | मागेको | माग्दै | माग्दो |
| ११. | लाग् | लाग्दा | लागेर | लागी | लाग्नु | लागेको | लाग्दै | लाग्दो |

| सि. नं. | मु.कि | दा | एर | ई | नु | एको | दै | दो |
|---|---|---|---|---|---|---|---|---|
| १२. | थाल् | थाल्दा | थालेर | थाली | थाल्नु | थालेको | थाल्दै | थाल्दो |
| १३. | पाउ | पाउँदा | पाएर | पाई | पाउनु | पाएको | पाउँदै | पाउँदो |
| १४. | खोज् | खोज्दा | खोजेर | खोजी | खोज्नु | खोजेको | खोज्दै | खोज्दो |
| १५. | लगाउ | लगाउँदा | लगाएर | लगाई | लगाउनु | लगाएको | लगाउदै | लगाउंदो |
| १६. | पर् | पर्दा | परेर | परी | पर्नु | परेको | पर्दै | पर्दो |
| १७. | आँट् | आँटदा | आँटेर | आँटी | आँट्नु | आँटेको | आँट्दै | आँट्दो |
| १८. | गर् | गर्दा | गरेर | गरी | गर्नु | गरेको | गर्दै | गर्दो |
| १९. | रह | रहँदा | रहेर | रही | रहनु | रहेको | रहँदै | रहँदो |
| २०. | बक्स | बक्सँदा | बक्सेर | बक्सी | बक्सनु | बक्सेको | बक्सँदै | बक्सँदो |
| २१. | चाह | चाहँदा | चाहेर | चाही | चाहनु | चाहेको | चाहँदै | चाहँदो |
| २२. | छोड् | छोड्दा | छोडेर | छोडी | छोड्नु | छोडेको | छोड्दै | छोड्दो |
| २३. | पठाउ | पठाउँदा | पठाएर | पठाई | पठाउनु | पठाएको | पठाउँदै | पठाउँदो |
| २४. | सिध्याउ | सिध्याउँदा | सिध्याएर | सिध्याई | सिध्याउनु | सिध्याएको | सिध्याउँदै | सिध्याउँदै |
| २५. | हिँड् | हिँड्दा | हिँडेर | हिँडी | हिँड्नु | हिँडेको | हिँड्दै | हिँड्दो |
| २६. | लाउ | लाउँदा | लाएर | लाई | लाउनु | लाएको | लाउँदै | लाउँदो |

तालिका-१ : मुख्य क्रियाका रूपमा आधृत क्रिया

क्रियाका पछि लाग्ने कृदन्तीय रूपहरू दा, एर, नु, ई, एको, दै आदि यी आधृत क्रियासँग पनि लाग्ने हुँदा अरू ि यासित सम्मिलित भई आउँदा आधृत क्रिया र संम्मिलित नभई आउँदा मूल क्रियाका रूपमा रहन्छन् । यिनीहरू पूर्ण क्रिया कोटिका स्तरमा रहन सक्ने कुरालाई माथिको तालिका १ ले देखाएको छ ।

**योजिका**

मूल क्रियाका रूपमा आउन सक्ने माथि उल्लेख गरिएका क्रियाहरू अर्को मुख्य क्रियामा आश्रित भई आउँछन् । यस किसिमको आश्रितता आधृत क्रियाको संरचनागत विशिष्टता हो । आधार क्रिया र आधृत क्रियाका बीचमा नेपालीमा केही काललाई बुझाउने, केही पक्षलाई बुझाउने र केही कृदन्त नाम बनाउने नाम कृदन्त नु, पूर्वक्रिया कृदन्त ई, सामान्य कृदन्त ने, वर्तमान कृदन्त दै, (सिग्द्याल : २०४२) र तुमर्थक कृदन्त न आदि संरचनात्मक तत्वहरू लाग्दछन् । यस्ता संरचनात्मक तत्त्वहरूले आधार क्रिया र आधृत क्रियाको बीचमा रही दुवैलाई संयोजित गरेपछि मात्र आधार क्रिया र आधृत क्रियाले एक एकाइका रूपमा रहेर काम गर्दछन् । यिनले आधृत क्रिया र आधार क्रियालाई कोशीय स्तरमा जोडेर एक आर्थी एकाइका रूपमा निर्माण गराउने हुँदा गौतम (२०५३) मा यिनलाई योजिका नाम दिइएको पाइन्छ । आधार क्रिया र आधृत क्रियाका बीचमा यस प्रकारका योजिकाहरू लागेपछि एक आर्थी एकाइका रूपमा निम्नानुसार मिलित क्रियाहरू बन्दछन् :

मिलित क्रिया ——> आधार क्रिया + योजिका + आधृत क्रिया

**आधृत क्रियाको उपकोटिगत स्थिति**

आधृत क्रियाको मूल क्रियाका रूपमा प्रयुक्त हुँदाखेरि जुन उपकोटिगत स्वरूप हुन्छ आधृत क्रियाका रूपमा प्रयुक्त हुँदा त्यो स्थिति रहेको हुँदैन । यसैले आधृत क्रिया मूल क्रिया वा आधार क्रियाका रूपमा आउँदा सकर्मक, अकर्मक, द्विकर्मक जे भए तापनि आधृत क्रियाका रूपमा आउँदा त्यस्ता क्रियाको उपकोटिगत स्वरूप जे छ मिलित क्रियाको उपकोटिगत स्वरूप पनि त्यही रहेको हुन्छ । आधार क्रियाको उपकोटिगत स्वरूप विद्यमान भएको हुँदा एउटा कोशीय एकाइ बन्नका निम्ति

आधृत क्रियाले आफ्नो उपकोटिगत स्थिति गुमाउनु पर्ने हुन्छ। एउटै क्रियाका दुई उपकोटिगत स्थिति नभई एउटा मात्र हुनुपर्ने हुँदा आधृत क्रियाको उपकोटिगत स्थिति लिन्छ .

| क.सं. | मु.क्रि | मु.क्रि : उपकोटि | संयुक्त क्रिया | सं क्रि : उपकोटि |
|---|---|---|---|---|
| १. | सक् | सकर्मक | दिइसक् | द्विकर्मक |
| २. | हाल् | सकर्मक | दिइहाल् | द्विकर्मक |
| ३. | टोपल् | सकर्मक | दिइटोपल् | द्विकर्मक |
| ४. | छाड् | सकर्मक | दिइछाड् | द्विकर्मक |
| ५. | हेर् | सकर्मक | दिइहेर् | द्विकर्मक |
| ६. | माग् | सकर्मक | दिइमाग् | द्विकर्मक |
| ७. | पाउ | सकर्मक | दिनपाउ | द्विकर्मक |
| ८. | खोज् | सकर्मक | दिनखोज् | द्विकर्मक |
| ९. | लगाउ | सकर्मक | दिनलगाउ | द्विकर्मक |
| १०. | पर् | सकर्मक | दिनुपर् | द्विकर्मक |
| ११. | चाह | सकर्मक | दिनचाह | द्विकर्मक |
| १२. | छोड् | सकर्मक | दिइछोड् | द्विकर्मक |
| १३. | पठाउ | सकर्मक | दिइपठाउ | द्विकर्मक |
| १४. | सिध्याउ | सकर्मक | दिइसिध्याउ | द्विकर्मक |
| १५. | थाल् | सकर्मक | दिनथाल् | द्विकर्मक |
| १६. | रह | अकर्मक | दिइरह | द्विकर्मक |
| १७. | जा | अकर्मक | दिइजा | द्विकर्मक |
| १८. | आंट् | अकर्मक | दिनआँट् | द्विकर्मक |
| १९. | लाग् | अकर्मक | दिनलाग् | द्विकर्मक |
| २०. | आउ | अकर्मक | दिइआउ | द्विकर्मक |
| २१. | दि | द्विकर्मक | भनिदि | सकर्मक |


तालिका-२ : आधृत क्रियाको उपकोटिगत स्थिति

तालिका नं. २ मा मूल क्रियाका रूपमा दि क्रिया द्विकर्मक भए तापनि सकर्मक क्रिया भन्सँगको मेलबाट बनेको भनिदि मिलित क्रिया सकर्मक भएको छ भने आउ, लाग्, आँट्, जा, रह आदि अकर्मक क्रिया भए तापनि द्विकर्मक क्रिया दिसँगको मेलबाट बनेका दिइआउ, दिनलाग्, दिनआँट्, दिइजा, दिइरह जस्ता मिलित क्रिया सकर्मक भएका छन्। यसै गरी थाल्, सिध्याउ, पठाउ, छोड्, चाह, पर्, लगाउ, खोज्, पाउ, माग्, हेर्, छाड्, टोपल्, हाल्, सक् आदि सकर्मक क्रिया भए

तापनि द्विकर्मक क्रिया दिसँगको मेलबाट बनेका दिनथाल्, दिइसिध्याउ, दिइपठाउ, दिनछोड्, दिनचाह, दिनुपर्, दिनलगाउ, दिनखोज्, दिनपाउ, दिइमाग्, दिइहेर्, दिनछाड्, दिइटोपल्, दिइहाल्, दिइसक् जस्ता मिलित क्रियाहरू द्विकर्मक भएका छन् ।

**आधृत क्रियाको स्वरूपका आधारमा मिलित क्रियाको वर्गीकरण**

आधृत क्रियाले लिने योजिकाका आधारमा नेपालीका आधृत क्रियालाई निम्न पाँच समूहमा वर्गीकृत गर्न सकिन्छ :




**आधृत क्रियाको कोशीय अर्थमा विशिष्टता**

आधृत क्रियाले आधार क्रियाद्वारा प्रस्तुत कार्यको रीति, अभिवृत्ति वा अवधारणामाथि प्रकाश पार्दछन् । मिलित क्रियाअन्तर्गत आउने आधृत क्रियाको स्वतन्त्र कोशीय अर्थ हुँदैन । आधार क्रियाको कोशीय अर्थप्रति अभिमुख भई आधृत क्रियाहरूले कोशीय अर्थको परिधिलाई विस्तारित वा संकुचित तुल्याउने वा तिनको अर्थलाई विशिष्टीकृत गर्ने काम गर्दछन् । आफ्नो मुख्य कोशीय अर्थलाई गुमाएका यस्ता आधृत क्रिया तात्त्विक दृष्टिमा पनि मुख्य क्रियाद्वारा निर्दिष्ट कोशीय अर्थको एक घटकका रूपमा सीमित भएका देखिन्छन् । तल तालिका नं. ३ को तेस्रो लहरमा मूल क्रियाका रूपमा आउँदाको अर्थ (क्रि$_१$), चौथो लहरमा आधृत क्रियाका रूपमा आउँदाको अर्थ (क्रि$_२$), दिइएको छ र पाचौं लहरमा < > चिह्नभित्र संयुक्त क्रियाका रूपमा हुनसक्ने तिनको प्रयोग दिइएको छ । मुख्य क्रिया र आधृत क्रियाका रूपमा आउँदा देखिने अर्थभिन्नताले आधृत क्रिया आधार क्रियामा निर्भर हुने कुरालाई स्पष्ट पारेका छन् :

| क्र. सं. | क्रिया | क्रि$_१$को अर्थ | क्रि$_२$को अर्थ | <संयुक्त क्रिया> |
|---|---|---|---|---|
| १. | सक् | पूर्ण गर्नु | क्षमता, योग्यता | <बोल्नसक् > |
| २. | हाल् | राख्नु, खन्याउनु | तात्क्षणिकता | <लेखिहाल् > |
| ३. | जा | हिँड्न, | तात्कालिकता | <लेखिजा > |
| ४. | टोपल् | दिनु | बहाना | <लेखिटोपल् > |
| ५. | दि | प्रदान गर्नु, अर्पनु | परार्थ प्रयोजन | <लेखिदि > |
| ६. | राख् | हाल्नु, नझिक्नु | निरन्तरता | <लेखिराख् > |
| ७. | आउ | आउने काम गर्नु | निरन्तरता | <लेखिआउ > |

| क्र. सं. | क्रिया | क्रि₁को अर्थ | क्रि₂को अर्थ | <संयुक्त क्रिया> |
|---|---|---|---|---|
| ८. | छाड् | नलिनु, राख्नु | निश्चितता | <लेखिछाड् > |
| ९. | हेर् | अवलोकन गर्नु | परीक्षण | <लेखिहेर् > |
| १०. | माग् | माग गर्नु | अनुरोध | <लेखिमाग् > |
| ११. | लाग् | अनुभूति हुनु | प्रारम्भ | <बोल्न लाग् > |
| १२. | थाल् | शुरु गर्नु | प्रारम्भ | <बोल्न थाल् > |
| १३. | पाउ | प्राप्त गर्नु | अनुमति | <बोल्न पाउ > |
| १४. | खोज् | अन्वेषण गर्नु | प्रयास | <बोल्न खोज् > |
| १५. | लगाउ | भिर्नु, ग्रहण गर्नु | प्रेरणा | <बोल्न लगाउ > |
| १६. | आँट् | साहस गर्नु, मिल्नु | प्रयास, निश्चय | <बोल्न आँट् > |
| १७. | पर् | प्राप्त हुनु | वाध्यता | <बोल्नु पर् > |
| १८. | गर् | सम्पन्न गर्नु | बानी | <बोल्ने गर् > |
| १९. | चाह | मन पराउनु | चाहना | <बोल्न चाह > |
| २०. | छोड् | परित्याग गर्नु | अनुमति | <बोल्न छोड् > |
| २१. | पठाउ | बिदा गर्नु | अनुमति | <भनिपठाउ > |
| २२. | सिध्याउ | सक्नु | पूर्णता | <बोलिसिध्याउ > |
| २३ | हिँड् | यात्रा गर्नु | निरन्तरता | < भन्दै हिँड् > |
| २४. | लाउ | ग्रहण | प्रेरणा | <बोल्न लाउ > |
| २५. | ल्याउ | आफूसित राख्नु | निरन्तरता | <लेख्दै ल्याउ > |
| २६. | .ा | हिँड्नु | तात्कालिकता | <लेख्दै ल्याउ > |

तालिका-३ : आधृत क्रियाको आर्थी विशिष्टता

५४- ७८ को दोस्रो लहरमा आएका क्रियाहरूको स्वतन्त्र क्रियात्मक कोशीय अर्थ भएकाले तिनीहरू मुख्य क्रिया मुख्य (क्रि₁) का रूपमा छन् भने तिनै क्रियाहरू आधृत क्रिया (क्रि₂) का रूपमा आउँदा तिनको क्रियात्मक अर्थ छैन । ती क्रियाहरू बोल्, लेख्, भन् जस्ता क्रियाहरूको अर्थसितै समाहित भएका छन् । तिनले मुख्य क्रियाको कोशीय अर्थको क्षेत्रमा निश्चितता, निरन्तरता, अनुरोध, वाध्यता, प्रेरणा आदि अभिवृत्ति वा अवधारणालाई छर्लङ्ग्याएका छन् ।

**वर्ग क. अन्तर्गतका आधृत क्रियाको आर्थी विशिष्टता**

क वर्गअन्तर्गतका आधृत क्रियाहरू सक्, हाल्, दि, टोपल्, राख्, आउ, छाड्, हेर्, माग्, रह, गर्, जा, पठाउ, सिध्याउ, हिँड् आदि हुन् । यी आधृत क्रियाहरू योजिका इ का पछि आउँछन् । यसरी योजिका इ का पछि आउँदा यिनले अर्थमा विशिष्टता ल्याउँछन् । ७९-९४क वाक्यमा यस प्रकारका क्रियाहरू मुख्य क्रियाका रूपमा आएका छन् भने ७९-९४ख वाक्यमा यस्ता क्रियाहरू आधृत क्रियाका रूपमा आई मुख्य क्रियाको अर्थमा विशिष्टता थपेका छन् :

७९. क. सक् : मैले काम सकें = काम पूर्ण भयो ।

ख. सक् : मैले काम गरिसकें = काम गराइ पूरा भयो ।

८०. क. हाल् : मैले कलम झोलामा हालें = कलम राखें
ख. हाल् : मैले कलम झोलामा राखिहालें = कलम तत्कालै राखें

८१. क. टोपल् : उसले बैला गाईलाई घाँस अलिअलि टोपल्यो
ख. टोपल् : मैले उसलाई तिमीकहाँ आउँछु भनिटोपलें = आउने बहाना गरें

८२. क. दि् : मैले उसलाई पैसा दिएँ = प्रदान गरें
ख. दि् : उहाँले साक्षी बसिदिनुभयो = अरू कसैका निम्ति साक्षी बस्नु भयो

८३. क. राख् : प्रमाणपत्र सुरक्षितसाथ राख = थन्क्याऊ
ख. राख् : म नआउन्जेलसम्म तिमी पढिराख = निरन्तर रूपमा पढ

८४. क. आउ : तिमी भोलि मकहाँ बिहानै आऊ है = आउने काम गर
ख. आउ : गरिआएको काम किन छोड्छौ ? = निरन्तर रूपमा गरिएको काम ....

८५. क. छाड् : तपाईंले त किताप यहीं छाड्नुभएछ पो ! = राख्नु भएछ
ख. छाड् : उसले त्यो काम गरिछाड्यो = जसरी भए पनि सम्पन्न गऱ्यो

८६. ख. हेर् : केटाले केटी हेऱ्यो = अवलोकन गऱ्यो
ख. हेर् : उसले भाइलाई साली मागिहेऱ्यो = माग्ने प्रयास गऱ्यो

८७. क. लाग् : हामी उकालो लाग्यौं = उकालोतिर गयौं
ख. लाग् : उसले मलाई काम सघाइलाग्यो = सघाउन सुरु गऱ्यो

८८. क. छोड् : हामीले उसलाई बसमा छोड्यौं = पुऱ्यायौं
ख. छोड् : बुहारी माइत गइछोडी = जसरी भए पनि गई

८९. क. पठाउ : आमाले छोरीलाई घर पठाई = विदा गरी
ख. पठाउ : मैले भाइलाई छिटो आउनू भनिपठाएको छु = भनिसकेको छु

९०. क. सिध्याउ : उसले पैसा सिध्यायो = खर्च गऱ्यो
ख. सिध्याउ : उसले चिठी पठाइसिध्यायो = पठाउने काम सक्यो

९१. क. हिँड् : ऊ बजारतिर हिँड्यो = अवलोकन गऱ्यो
ख. हिँड् : ऊ नभएका कुरा भनिहिँड्दै छ = निरन्तर रूपमा भन्दै छ
ग. हिँड् : सधैं झगडा गरिहिँडेपछि दुःख पाइन्छ = निरन्तर रूपमा झगडा गरेपछि ..

९२. क. ल्याउ : मैले पसलबाट किताप ल्याएँ = किताप किनें
ख. ल्याउ : पितापूर्खाले गरिल्याएको चलन = निरन्तर रूपमा निर्वाह गरेको चलन

९३ क. पर् : यसको कति रुपियाँ पऱ्यो = मूल्य कति हो
ख. पर् : मलाई निकै दुःख आइपऱ्यो = अकस्मात् आइलाग्यो
ग. पर् : बुबालाई घर जानपऱ्यो = वाध्यता भयो
घ. पर् : हरेक मानिसले एक न एक दिन मर्नु पर्छ = मर्नु अनिवार्य छ

९४ क. जा : ऊ विदेश गयो = प्रस्थान गऱ्यो
ख. जा : उसले कुरा बुझिगयो = तत्कालै थाहा पायो

## वर्ग ख अन्तर्गतका आधृत क्रियाको आर्थी विशिष्टता

ख वर्गअन्तर्गतका आधृत क्रियाहरू सक्, दि, लाग्, थाल्, पाउ खोज्, लगाउ, पर्, आँट्, चाह, लाउ, छोड्, छाड् आदि हुन् । यी आधृत क्रियाहरू योजिका न का पछि आउँदा यिनले अर्थमा विशिष्टता ल्याउँछन् । ९५क-१०७ क वाक्यमा यस प्रकारका क्रियाहरू मुख्य क्रियाका रूपमा आएका छन् भने ९५ख-१०७ ख वाक्यमा यस्ता क्रियाहरू आधृत क्रियाका रूपमा आएका छन् । आधार क्रियाका रूपमा आउँदा भन्दा आधृत क्रियाका रूपमा आउँदा तिनको अर्थमा भिन्नता देखिन्छ । तलका वाक्यहरूमा यस्ता आधृत क्रियाहरूले आधार क्रियाको अर्थमा विशिष्टता थपेको पाइन्छ :

९५. क. सक् : मैले काम सकें = काम पूर्ण भयो ।
ख. सक् : मैले काम गर्न सकें = काम गर्न सक्षम भएँ ।

९६. क. दि् : मैले उसलाई पैसा दिएँ = प्रदान गरें
ग. दि : उहाँले मलाई भन्नदिनुभएन = भन्ने अनुमति पाइएन

९७. क. लाग् : हामी उकालो लाग्यौं = उकालोतिर गयौं
ख. लाग् : पानी पर्न लाग्यो = पानी पर्न सुरु भयो

९८. क. थाल् : उसले काम थाल्यो = सुरु गऱ्यो
ख. थाल् : मलाई पेट दुख्न थाल्यो = दुखाइ प्रारम्भ भयो

९९. क. पाउ : सीताले छोरी पाई = छोरी जन्माई
ख. पाउ : सीता माइत जान पाइन = अवसर प्राप्त गरिन

१००. क. खोज् : माझीहरूले माछा खोजे = खोजी गरे
ख. खोज् : कैदीहरू भाग्न खोजे = भाग्ने प्रयत्न गरे

१०१. क. लगाउ : मैले लुगा लगाएँ = पहिरिएँ
ख. लगाउ : मैले उसलाई काम गर्न लगाएँ = प्रेरित गरें

१०२. क. पर् : तपाईंको घर कहाँ पऱ्यो ? = कहाँ हो ?
ख. पर् : यसलाई कहाँ जानपरेछ = जाने बाध्यता भएछ

१०३. क. आँट् : झोलामा किताप आँटिन = बढी भयो
ख. आँट् : ऊ घर जान आँट्यो = जान तयार भयो

१०४. क. चाह : उसले उमालाई चाह्यो = रुचायो
ख. चाह : बिरामीले माड खान चाहेन = खाने इच्छा गरेन

१०५. क. छोड् : हामीले उसलाई बसमा छोड्यौं = पुऱ्यायौं
ख. छोड् : मैले चुरोट खान छोडें = खान बन्द गरें

१०६. क. लाउ : बुहारीले छोरालाई कुरा लाई = पोल लगाई
ख. लाउ : आमाले छोरीलाई चिठी लेख्न लाई = लेख्न प्रेरित गरी

१०७. क. छाड् : उसले रुमाल यहीं छाड्यो = लैजान बिर्सियो
ख. छाड् : लोग्नेस्वास्नी बोल्न छाडे = बोल्न बन्द गरे

**वर्ग ग. अन्तर्गतका आधृत क्रियाको आर्थी विशिष्टता**

ग वर्गअन्तर्गत पर् आधृत क्रिया मात्र आउँछ । यसले अन्य आधार क्रियासित आएर वाध्यता अर्थ प्रदान गर्छ :

१०८. क. पर् : तपाईंको घर कहाँ पऱ्यो ? = कहाँ हो ?
ख. पर् : तपाईंलाई आज बजार जानुपर्छ ? = बजार जाने आवश्यकता छ ?

**वर्ग घ. अन्तर्गतका आधृत क्रियाको आर्थी विशिष्टता**

घ वर्ग अन्तर्गत गर् आधृत क्रिया मात्र आउँछ। यसले अन्य आधार क्रियासित आएर बानी, अभ्यास, निरन्तरता आदि अर्थ प्रदान गर्छ :

१०९. क. गर् : उसले काम गऱ्यो = काम सम्पन्न भयो
ग. गर् : म बिहान घुम्ने गर्छु = घुम्ने बानी गरेको छु

**वर्ग ङ. अन्तर्गतका आधृत क्रियाको आर्थी विशिष्टता**

ङ वर्गअन्तर्गतका आधृत क्रियाहरू आउ, गर्, हिँड् आदि हुन् । यी आधृत क्रियाहरू योजिका दैका पछि आउँदा यिनले अर्थमा विशिष्टता ल्याउँछन् । ११० क- ११२ क वाक्यका क्रियाहरू मुख्य क्रियाका रूपमा आएका छन् भने ११० ख- ११३ ख वाक्यमा आधृत क्रियाका रूपमा आएका छन् । आधार क्रियाका रूपमा आउँदाको अर्थभन्दा आधृत क्रियाका रूपमा आउँदाको अर्थमा भिन्नता भएको कुरा ११०- ११२ का क तथा ख वाक्यको तुलनाबाट स्पष्ट हुन्छ :

११०. क. आउ : तिमी भोलि मकहाँ बिहानै आऊ है = आउने काम गर
ख. आउ : मैले उहिल्यैदेखि यही कुरा त सुन्दै आएको छु = निरन्तर रूपमा सुनेको छु

१११. क. गर् : उसले काम गऱ्यो = काम सम्पन्न भयो
ख. गर् : काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ = कराइरहन्छ, सुकिरहन्छ

११२. क. हिँड् : ऊ बजारतिर हिँड्यो = अवलोकन गऱ्यो
ख. हिँड् : ऊ नभएका कुरा भनिहिँड्दै छ = निरन्तर रूपमा भन्दैछ

**आधृत क्रियाको बहुवर्गीय संलग्नता**

नेपालीका केही आधृत क्रियाहरू कुनै एक वर्गको सदस्यका रूपमा मात्र नभई एकभन्दा बढी वर्गको सदस्यका रूपमा आउन सक्छन् । यस क्रममा नेपालीमा तीन वर्गसम्मका सदस्यका रूपमा आधृत क्रियाहरू आउन सक्ने देखिन्छन् । भिन्नभिन्न वर्गको सदस्यका रूपमा आउँदा यस्ता क्रियाले आधार क्रियाको कोशीय अर्थमा भिन्नता ल्याउने देखिन्छ । एकभन्दा बढी वर्गको सदस्यका रूपमा आउने आधृत क्रियाहरू तालिका ५. मा देखाइएअनुसार छन् :

| क्र.सं | आधृत क्रिया | समूह.क (इ) | समूह.ख (न) | समूह.ग (नु) | समूह.घ (ने) | समूह.ङ दै | सदस्यता वर्ग |
|---|---|---|---|---|---|---|---|
| १. | पर् | + | + | + | – | – | = क + घ +ङ |
| २. | जा | + | + | – | – | + | = क + ख + ङ |
| ३. | लाग् | + | + | – | – | – | = क + ख |
| ४. | छाड् | + | + | – | – | – | = क + ख |

| क्र.सं | आधृत क्रिया | समूह.क (इ) | समूह.ख (न) | समूह.ग (नु) | समूह.घ (ने) | समूह.ङ दै | सदस्यता वर्ग |
|---|---|---|---|---|---|---|---|
| ५. | छोड् | [illegible] | [illegible] | − | − | − | = क + ख |
| ६. | सक् | + | + | − | − | − | = क + ख |
| ७. | आउ | + | − | − | − | + | = क + ङ |
| ८. | हिँड् | + | − | − | − | + | = क + ङ |
| ९. | गर् | − | − | − | + | + | = घ + ङ |
| १० | हाल् | + | − | − | − | − | = क |
| ११. | राख् | + | − | − | − | − | = क |
| १२. | हेर् | + | − | − | − | − | = क |
| १३. | पठाउ | + | − | − | − | − | = क |
| १४. | टोपल् | + | − | − | − | − | = क |
| १५. | सिध्याउ | + | − | − | − | − | = क |
| १६. | माग् | क | − | − | − | − | = क |
| १७. | चाह | − | + | − | − | − | = ख |
| १८. | थाल् | − | + | − | − | − | = ख |
| १९. | पाउ | − | + | − | − | − | = ख |
| २०. | खोज् | − | + | − | − | − | = ख |
| २१. | आँट् | − | + | − | − | − | = ख |
| २२. | दि | + | − | − | − | − | = ख |
| २३. | लगाउ | − | + | − | − | − | = ख |
| २४. | लाउ | − | + | − | − | − | = ख |

तालिका-४ : आधृत क्रियाको बहुवर्गीय संलग्नता

**आधृत क्रियाको बहुवर्गीय अर्थविशिष्टता**

कुनै एक आधृत क्रिया एकभन्दा बढी वर्गको सदस्य भएमा ती आधृत क्रियाको अर्थ फरक हुन्छ र तिनले आधार क्रियाको अर्थको क्षेत्रमाथि भिन्न भिन्न रूपमा प्रभाव पार्दछन् । यस किसिमको अर्थतत्त्वमा हुने भिन्नताको मुख्य कारण आधृत क्रियाका अघि आउने योजिका हो । भिन्न योजिकाका पछि आउँदा आधृत क्रियाको अर्थका क्षेत्रमा हुने भिन्नतालाई वाक्य १३७ - १४५मा प्रस्तुत गरिएको छः

१३७. पर् : ख वर्ग : यसलाई कहाँ जानपरेछ = जाने वाध्यता भएछ
पर् : ग वर्ग : आज तपाईंलाई बजार जानु पर्छ ? = जाने आवश्यकता छ ?

१३८. जा : क वर्ग : ऊ आइगयो = तत्कालै आयो
जा : ख वर्ग : म छोरीको बिहे गर्न जाँदैछु = बिहे गर्ने क्रममा छु
जा : ङ वर्ग : पढ्दै जानोस् बुझिहाल्नुहुन्छ = निरन्तर रूपमा पढ्नुहोस्

१३९. सक् : क वर्ग : मैले काम गरिसकें = काम गराइ पूरा भयो
सक् : ख वर्ग : मैले काम गर्न सकें = काम गर्न सक्षम भएँ

| | | |
|---|---|---|
| १४०. आउ : क वर्ग | : गरिआएको काम किन छोड्छौ ? = निरन्तर रूपमा गरिएको |
| आउ : ङ वर्ग | : मैले उहिल्यैदेखि यही कुरा त सुन्दै आएको छु = निरन्तर रूपमा सुनेको छु |
| १४१. गर् : घ वर्ग | : म बिहान घुम्ने गर्छु = घुम्ने बानी गरेको छु |
| गर् : ङ वर्ग | : काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ = कराइरहन्छ, सुकिरहन्छ |
| १४२. हिँड् : क वर्ग | : सधैं भगडा गरिहिँडेपछि दुःख पाइन्छ = निरन्तर रूपमा झगडा गरेपछि .. |
| हिँड् : ङ वर्ग | : ऊ नभएका कुरा भनिहिँड्दै छ = निरन्तर रूपमा भन्दै छ |
| १४३. छाड् : क वर्ग | : उसले त्यो काम गरिछाड्यो = जसरी भए पनि सम्पन्न गऱ्यो |
| छाड् : ख वर्ग | : लोग्नेस्वास्नी बोल्न छाडे = बोल्न बन्द गरे |
| १४४. लाग् : क वर्ग | : उसले मलाई काम सघाइलाग्यो = सघाउन सुरु गऱ्यो |
| लाग् : ख वर्ग | : पानी पर्न लाग्यो = पानी पर्न सुरु भया |
| १४५. छोड् : क वर्ग | : बुहारी माइत गइछोडी = माग्ने प्रयास गऱ्यो |
| छोड् : ख वर्ग | : मैले चुरोट खान छोडें = खान बन्द गरें |

**निष्कर्ष**

नेपालीका मिलित क्रियाहरू मुख्य क्रिया$_1$ + मुख्य क्रिया$_2$ का रूपमा बन्दछन् । आधार क्रिया र आधृत क्रियाका बीचमा इ, नु, न, ने, दै जस्ता योजिकाहरू लाग्छन् । यस प्रकारका योजिकाहरू लागेपछि आधृत क्रियाहरूले क्रिया वर्गको अर्थलाई गुमाउँछन् र आधार क्रियाको अर्थमा विशिष्टता थप्ने काम गर्दछन् । आधार क्रियामा आउने यस प्रकारका आधृत क्रियाहरूलाई परतन्त्रताबोधक, सातत्यबोधक, नित्यताबोधक, अतिमानबोधक, अवकाशबोधक, विचारबोधक, स्थितिबोधक, परार्थ तथा अनुमतिबोधक, अवस्थाभेदत्वबोधक, समाप्तिबोधक, निश्चयबोधक, परीक्षाबोधक आदि वर्गमा विभाजन गरिएको पाइन्छ भने योजिकाहरूलाई नामसंयुक्त विशेषणसंयुक्त तथा अव्ययसंयुक्त गरी तीन वर्गमा विभाजन गरिएको पाइन्छ । नेपालीमा सक्, जा, हाल्, टोपल्, दि, राख्, आउ, छाड्, हेर्, माग्, लाग्, थाल्, पाउ, खोज्, लगाउ, पर्, आँट्, गर्, रह, बक्स, चाह, छोड्, पठाउ, सिध्याउ, हिँड्, लाउ आदि मिलित क्रियाको निर्माणका निम्ति आधृत क्रियाका रूपमा रहेर कार्य गर्दछन् । यस्ता आधृत क्रियाहरू मूल क्रियाका रूपमा आउँदा यिनको जे जस्तो उपकोटिगत स्थिति छ आधृत क्रियाका रूपमा आउँदा अर्कै उपकोटिको निर्माण हुन्छ र आधार क्रियाको जे जस्तो उपकोटिगत स्वरूप छ त्यही नै मिलित क्रियाको उपकोटिगत स्वरूप हुन्छ ।

मिलित क्रियाको संरचनात्मक आधार योजिकाको प्रकृतिमा भर पर्दछ । निश्चित प्रकारका आधृत क्रियाहरू निश्चित प्रकारका योजिकासित आउँछन् । सबै योजिकासित सबै आधृत क्रियाहरू आउन सक्दैनन् । कुनै एक आधृत क्रिया तीनवटासम्म बेग्लाबेग्लै आधृत क्रियासित मिलेर आउन सक्ने देखिन्छ र यसरी पृथक् पृथक् योजिकासित मिलेर आउँदा एकै आधृत क्रियाको अर्थमा पनि भिन्नता पाइन्छ । सबैभन्दा बढी आधृत क्रियामा प्रयोग हुने योजिका इ हो भने सबैभन्दा कम आधृत क्रियामा प्रयोग हुने योजिका ने हो ।

**सन्दर्भ-कृतिसूची**

(क) नेपाली/हिन्दी

अधिकारी, हेमाङ्गराज, (२०४९), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : कुञ्जल प्रकाशन ।

गुरु, कामताप्रसाद, (२०४९), *हिन्दी व्याकरण,* वाराणसी : नागरीप्रचारिणी सभा ।

गौतम, देवीप्रसाद (२०४९) *नेपाली भाषा-परिचय,* काठमाडौं : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५३) *नेपालीमा पदावली व्यवस्था,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि. वि. ।

पण्डित, हेमराज, (२०४२), *चन्द्रिका : गोरखा भाषा व्याकरण,* काठमाडौं : लेखक स्वयम् ।

भट्टराई, रोहिणीप्रसाद, (२०३३), *बृहद् नेपाली व्याकरण,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज, (२०३३ ), *शब्द-रचना र वर्ण-विन्यास : भाषा वैज्ञानिक पद्धति,* काठमाडौं : त्रि. वि., पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर ।

सिग्द्याल, सोमनाथ *मध्यचन्द्रिका,* (२०४०), काठमाडौं : साझा प्रकाशन ।

(ख) अंग्रेजी

Akmajian, A., S. Steele and T. Wasow, (1979) , "The Category AUX in Universal Grammar", *Linguistic Inquiry,* 10, 1-84.

Dasgupta, Probal, (1977), "The Internal Grammar of Compound Verbs in Bangla" *Indian Linguistics,* 36, 68- 85.

Gautam, D.P., (1985), "Subjectivization in Nepali." A Paper Presented at the Sixth Annual Conference of Linguistic Society of Nepal , Kathmandu .

Gautam, D.P., (1987), "Rule Ordering of Verb Inflection in Nepali" A Paper Presented at the Eighth Annual Conference of Linguistic Society of Nepal.

Gautam, D.P., (1995a), "The Imperfective Aspect in Nepali ".A Paper Presented at the Thirteenth Annual Conference of Linguistic Society of Nepal.

Gautam, D.P., (1995b), "The PRO in Nepali ".A Paper Presented at the Fourteenth Annual Conference of Linguistic Society of Nepal ,

Gopalkrishnan, Devi and Anvita Abhi, (1992)," The Explicator Compound Verbs : Some Definitional Issues and Criteria for Identification, *Indian Linguistics* 53 : 27-47.

Hook, Peter E., (1974), *The Compound Verbs in Hindi* , Michigan : Center for South and South EST African Studies .

————, (1988 ), Paradigmaticization : A Case Study from South Asia " *Barkeley Linguistic Society* 14.

Kachru, Yamuna, (1978) "The Verbal Construction in South Asian and West African Linguistics", (Unpublished Paper).

Masica, Colin., (1976), *Defining a Linguistic Area : South Asia,* Chicago : University of Chicago Press.

Pandheri Pande, R, (1981), *The Syntax and Semantics of Passive Construction in Selected Asian Languages,* Ph.D. diss., University of Illinois at Urbana-Chainpaingn .

Porizka, Vencence, (1967), "On the Perfective Verbal Aspect in Hindi" *Archiv Orientaini* , 208-231.

Sharma , T.N., (1980), *The Auxiliary in Nepali,* Unpublished Ph. D.diss. Madison : University of Wisconsin .

Susan. Steel, (ed.), (1981), *An Encyclopedia of AUX,* Cambridge, Massachusetts : MIT Press.